नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

# प्रेस विज्ञप्ति

## मिति: २०८३/०५/१५

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण विद्युत् पूर्वाधारमा ठूलो क्षति पुगेपछि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले प्रभावित रसुवा र नुवाकोट जिल्लाका जलविद्युत आयोजना, विद्युत संरचना तथा प्रभावित समुदायको उद्धार, राहत, समन्वय र विद्युत् आपूर्ति पुनःसुचारु गर्ने कार्यलाई उच्च प्रायमिकताका साथ अघि बढाएको छ। उक्त कार्यका लागि आज भएका प्रमुख प्रगति निम्नानुसार रहेका छन्।

१. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री मा. विराज भक्त श्रेष्ठज्यू नुवाकोटको त्रिशूली पुगेर गृहमन्त्री मा. सुधन गुरुङज्यू, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाह, नेपाली सेनाका उच्च अधिकारी, ऊर्जा मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण तथा सम्बन्धित निकायका पदाधिकारीसँग संयुक्त छलफलमा सहभागी हुनु भएको। छलफलमा उद्धार कार्यको प्रगति, प्रभावित जलविद्युत् आयोजनाको अवस्था तथा आगामी विद्युत सेवा सुचारु गर्ने रणनीतिबारे समीक्षा गरिएको।

२. माथिल्लो त्रिशूली–३ ए जलविद्युत् आयोजनाको सुरुङभित्र फसेकाहरूको उद्धारका लागि नेपाली सेनाको नेतृत्वमा प्राविधिक टोलीले निरन्तर कार्य गरिरहेको। उद्धारमा संलग्न उच्च अधिकारीहरूले हालसम्मको प्रगति, घटनास्थलको अवस्था तथा प्राविधिक एवम् भौगोलिक चुनौतीबारे मन्त्रीस्तरमा जानकारी गराउनु भएको। साथै उद्धार कार्यलाई सुरक्षित, प्रभावकारी र शीघ्र सम्पन्न गर्ने गरी आवश्यक निर्देशन तथा समन्वय भइरहेको।

३. बाढीबाट विद्युत आपूर्ति अवरुद्ध भएको क्षेत्रमा सेवा सुचारु गर्न चिनियाँ लगानी भएको साञ्जेन जलविद्युत आयोजना (७८ मे.वा.)लाई आइसोलेटेड **(Isolated)** मोड मा सञ्चालन गरी आपुर्ति सुचारु गर्न आवश्यक प्राविधिक समन्वय तथा उपकरण व्यवस्थापनका लागि मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई चीन सरकारसँग समन्वय गर्न पत्राचार गरेको। साथै, तत्काल विद्युत् सेवा सुचारु गर्न नसकिने क्षेत्रमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत सौर्य ऊर्जासहितका वैकल्पिक ऊर्जा प्रणाली परिचालन गर्ने तयारी गरिएको।

४. नेपाल विद्युत प्राधिकरणको प्राविधिक टोलीको निरन्तर प्रयासपछि रसुवा जिल्लाको कालिका र नौकुण्ड गाउँपालिकाका अधिकांश क्षेत्रमा तथा गोसाइँकुण्ड गाउँपालिका अन्तर्गत धुन्चे, भार्खु र गोसाइँकुण्ड क्षेत्रमा विद्युत् सेवा सुचारु गरिएको। बाँकी प्रभावित क्षेत्रमा पनि आवश्यक जनशक्ति, उपकरण तथा स्रोत–साधन परिचालन गरी विद्युत सेवा यथाशीघ्र नियमित गर्ने कार्य जारी रहेको। दुर्गम क्षेत्रहरूमा पोर्टेवल सौर्य प्रणालीमार्फत विद्युत सेवा सुचारू गरिने।

नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

५. स्थलगत अनुगमनपछि मा. ऊर्जा मन्त्रीज्यूले बाढी प्रभावित परिवारसँग भेटघाट गरी उनीहरूको अवस्था, आवश्यकता तथा पुनःस्थापना सम्बन्धी विषयमा जानकारी लिनु भएको। सरकारले उद्धार, राहत, विद्युत सेवा सुचारु तथा दीर्घकालीन पुनर्निर्माणका कार्यलाई सम्बन्धित सबै निकायसँग समन्वय गरी उच्च प्राथमिकताका साथ अघि बढाइरहेको।

६. जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रको अगुवाइमा रसुवा जिल्लाको टिमुरेमा Real-Time बाढी अवलोकन तथा निगरानीका लागि CC-Camera जडान कार्य सम्पन्न भएको। हाल उक्त प्रणालीलाई सञ्चालनमा ल्याउन VSAT जडान तथा सञ्चार प्रणाली व्यवस्थापनको कार्य भइरहेको र सम्भवतः आज रातीदेखि नै प्रणाली सञ्चालनमा आउने।

७. बाढीबाट भएको मन्त्रालय अन्तर्गतको पूर्वाधार संरचनाहरूको क्षतिको Detailed Damage Assessment र Online co-ordination and monitoring प्रणालीको खाका तयार भैरहेको।

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता